बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ अंकः६ महिनाः कार्तिक पानाः ८

# बाणगङ्गा नगरपालिकाद्वारा बजार अनुगमन



दिपावलीको पूर्वसन्ध्या पारी नगरपालिकाका विभिन्न वडाहरुको व्यापारिक स्थानमा बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । जिल्लाका विभिन्न स्थानमा देखिएको झाडा पखालाको महामारीलाई मध्येनजर गर्दै महामारी फैलन नदिन विशेष सतर्कता सहित खाद्य पदार्थ तथा सरसफाईलाई लक्षित अनुगमन गरीएको थियो । प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनाल, उपसचिव बाबुराम भट्टराई, कृषि विकास अधिकृत लेष बहादुर के.सी., शाखा अधिकृत केशबराज भट्टराई, राजश्व शाखा अधिकृत मदन प्रसाद घिमिरे, महिला विकास निरीक्षक सुशिला पन्थ लगायत अन्य कर्मचारीहरुको संयुक्त टोलीले वडा नं.२, ४ र ११ मा अनुगमन गरीएको थियो ।

यस अनुगमनमा ओदारी, पिपरा, जीतपुर लगाएतका स्थानहरुमा संचालित होटल तथा खाजा घरहरु तथा मदिरा पसलको समेत अनुगमन गरीएको थियो । अनुगमनको क्रममा धेरै जस्तो होटल/ रेस्टुरेन्ट/ चियानास्ता पसलमा सरसफाईमा ध्यान नदिईएको भेटिएको थियो त्यस्ता होटल/ रेस्टुरेन्ट/ चियानास्ता पसललाई सरसफाई तथा स्वच्छ खानेपानीमा विशेष ध्यान दिई व्यवसाय सञ्चालन गर्न , मूल्य सूची राख्न, पसलको साइन बोर्ड प्रयोग गर्न अनुरोध गरीएको थियो ।

त्यस्तैगरी, नगरपालिकाको संयोजनमा अर्को संयुक्त टोलीद्वारा गरीएको अनुगमनमा बाणिज्य आपूर्ति कार्यालय भैरहवा, खाद्य गुणस्तर कार्यालय कपिलवस्तु, उपभोक्ता महासंघ कपिलवस्तु र विभिन्न पत्रकार एवं सुरक्षाकर्मीहरुको संयुक्त टोलीद्वारा बाणगङ्गा २ पिपरा, १ बैरिया, ७ बनगाईमा किराना तथा मदिरा पसलमा अनुगमन गर्दा म्याद नाघेका खाद्यवस्तु (घिउ, सोयाविन, डाल्डा) बियर, पाकेट जुस, कोल्गेट, भेसलिन जस्ता सामानहरु जफत गरी त्यस्ता व्यवसायीहरुलाई रु. ५ हजार देखि २० हजार सम्म जरिवाना गरी सचेत गराईएको थियो भने जफत गरीएको सामान नगरपालिकामा सबैको रोहवरमा जलाएर नस्ट गरीएको छ ।

यस अघि पनि बाणगङ्गा नगरपालिका राजस्व परामर्श समितिका संयोजक एवं नगर उपप्रमुख श्री चक्रपाणि अर्यालज्यूको नेतृत्वमा भएको बजार अनुगमनबाट नगरका ११ वटै वडाका झन्डै २५० व्यवसायहरुको अनुगमन गरीएको थियो भने अनुगमनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न अनुरोध गर्दै सफा, स्वच्छ, स्वस्थ सामाग्रीहरुको बिक्री वितरण र उपलब्धताको व्यवस्थापनलाई निरन्तरता दिन नगरपालिकाले अनुरोध समेत गरेको थियो ।



# सम्पादकीय

## बाणगङ्गा नगरपालिकाको योजनावद्ध विकास प्रयास

*कुन काम कहिले कसरी, कसले, कहाँ, किन सञ्चालन गर्ने भन्ने जस्ता प्रश्नहरुको तार्किक जवाफ खोज्ने अग्रगामी कार्यदिशानै योजना हो । अर्थात् सिमित स्रोत, असिमित आवश्यकता र तिनको वैज्ञानिक वस्तुपरक एवम् तथ्यपरक संयोजनले नै कुनै योजना सफल वा प्रभावकारी हुने कुराको मापन गर्दछ । योजना वर्तमानका सपनालाई मूर्तरुप प्रदान गर्ने खाका भएकोले पनि यी सवालहरुको यथोचित संबोधन अपरिहार्य हुन्छ ।*

*आवधिक योजना विशेषत आगामी केही वर्षहरुमा विभिन्न सूचकहरु कहाँ पुग्ने भन्ने एउटा मार्गदर्शक पनि भएकोले स्थानीय सरकारले आफ्नो स्रोतको न्यायोचित एवम् तथ्यपरक विनियोजन मार्फत समृद्धि र समताको सपना साकार पनि एक अपरिहार्य दस्तावेज पनि हो । त्यसैले स्थानीय तह संस्थागत एवम् मूल्याङ्कन लगायत विभिन्न साधन तथा कानूनी प्रबन्धले यसलाई पूर्वशर्तको रुपमा स्वीकार गरेको छ ।*

*यसै तथ्यलाई हृदयंगम गर्दै बाणगङ्गा नगरपालिकाले पनि आगामी ५ वर्षका लागि आवाधिक योजना निर्माण गर्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाएको छ । यस क्रममा विभिन्न चरणमा विज्ञहरुसंग छलफल अन्तर्क्रिया गर्नेदेखि विभिन्न विषयगत समितिहरु निर्माण गरी छलफल गरिरहेको छ । साथै निकट भविष्यमा नै वृहत कार्यशाला गोष्ठीको आयोजना गरी यसलाई ठोस आकार दिने छौं ।*

*विभिन्न समिति, उपसमिति एवम् मञ्चहरुमा रहेर योजना निर्माणमा सहभागी हुनुहुने सम्पूर्ण जनप्रतिनिधि राजनितिक दल, आमसञ्चार, नागरिक समाज, विद्वान वर्ग एवम् समस्त नगरवासीहरु धन्यवादका पात्र हुनुहुन्छ । साथै यसमा प्रत्यक्ष सहकार्य गर्ने सिद्धार्थ सामाजिक विकास संस्थालाई पनि हार्दिन आभार व्यक्त गर्दछौं ।*

*यो अभियान निरन्तर भएकाले यसको निर्माणमा सम्पूर्ण नगरवासीहरुको स्वामित्व हुने गरी साथ सहयोग एवम् सहकार्यको लागि समेत नगरपालिका विनम्र अनुरोध गर्दछ । निर्माण स्वामित्वको दायरा जति फराकिलो बनाउन सकियो आगामी दिनमा यसको कार्यान्वयन त्यति सहज र प्रभावकारी हुने भएकोले सम्पूर्ण सरोकारवालाहरुलाई यसमा सार्थक सहभागीता सहित अपनत्व हुने गरी सहयोग एवम् सहकार्यका लागि अनुरोध गर्दछौं ।*

# कोइली नदीमा मोटरेवल पुल निर्माण हुँदै



बाणगंगा नगरपालिका अन्तर्गत वडा नं. ७ र वडा नं. ९ जोड्ने मोतिपुर स्थित कोइली नदीको कजवेको सट्टामा यस आ.व. देखि मोटरेवल पुल निर्माण कार्यले गति लिएको छ । नगरका जनप्रतिनिधिहरुको सक्रियता तथा प्रदेश सांसद विष्णु पन्थीको विशेष पहलमा लुम्बिनी प्रदेश सरकारबाट बजेट विनियोजन भएसँगै उक्त पुल निर्माण कामको थालनी भएको हो ।

चालु आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारको विनियोजित बजेट मार्फत डि.पि.आर. भई पुल निर्माणका लागि सिद्धार्थ दर्शन हिमाली जे.भि कन्स्ट्रक्सन अर्घाखाँचीसँग दुई वर्ष भित्र पुल निर्माण हुने गरी ठेक्का सम्झौता समेत भएको हो ।

वर्षायाममा कोईली नदीमा आएको बाढीले गर्दा उक्त क्षेत्रका बासिन्दाहरुले पटक पटक समस्या भोग्दै आएका थिए भने कतिपयले अकालमै ज्यान गुमाउन परेको थियो । यस्तै, कजवे पुलमा वर्षातको समयमा बाढी आउँदा स्थानीयले सास्ती खेप्दै आएका छन् । कोइली नदीमा बाढी आउँदा विद्यार्थी, कर्मचारी लगायत स्थानीयको कामकाज नै ठप्प हुने गर्थ्यो भने आपतकालिन स्वास्थ्य सेवाबाट वञ्चित हुन पर्ने स्थिति हुने गर्थ्यो ।

सो सडक खण्डलाई पूर्व पश्चिम राजमार्ग अन्तर्गत घेरवा बनगाईदेखि अर्घाखाँची जिल्लाको लागि दुर्त मार्गको रुपमा हेर्ने गरिएको छ भने कपिलवस्तु जिल्ला सदरमुकाम तौलिहवादेखि अर्घाखाँचीको डोहोटे हुंदै सन्धिखर्क जोड्ने छोटोबाटोको रुपमा समेत विकास गरिएको छ । पुल बनेपछि वर्षातको समयमा पनि सहज यातायात सुविधा उपलब्ध हुने र नगरको चौतर्फी विकासमा समेत टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## बाणगङ्गा सहकारीहरुको कार्तिक मसान्तसम्मको वित्तिय अवस्था

| | |
|---|---|
| शेयर पूँजी | ४८१६८६१३० |
| जगेडा कोष | १५३९७७९६८ |
| अन्य कोष | ११६५२५९९८ |
| बचत निक्षेप | १७७०५७७५५० |
| तिर्नुपर्ने संस्थागत ऋण | १६२९४९२५१ |
| भुक्तानी दिनुपर्ने अन्य दायित्व | ३३७६४८१० |
| तिर्नुपर्ने कर | २३४१७९१ |
| अन्य दायित्व | २१५९१५७९ |
| नगद | २९११९४०३ |
| बैंक | ३८२८८१६५८ |
| अन्य संस्थामा लगानी | १५१४८२३४ |
| सदस्यहरुलाई ऋण लगानी | २२४७२४६०७१ |
| पाउनुपर्ने हिसाव | ६१८७७३२३ |
| अफिस सम्पत्ति | १०३१०६३२९ |
| अन्य सम्पत्ति | १९५५०९८३ |
| स्टक सामान मूल्य | १७९५१३५ |
| स्थीर सम्पत्ति | ९९०६६७४२२ |
| जम्मा खर्च | ९७७४३४८६ |
| जम्मा आम्दानी | १४८०४२७२४ |

***सबै किसिमका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गरौं ।***



नदीजन्य पदार्थको अनुगमनको क्रममा जनप्रतिनिधी तथा कर्मचारीहरु



नदीजन्य पदार्थको अनुगमनको क्रममा जनप्रतिनिधी तथा कर्मचारीहरु



बाढीबाट क्षतिग्रसत कजवेको अनुगमनको क्रममा



बाढीबाट क्षतीग्रसन कजवेको अनुगमनको क्रममा




मानिसको ८० प्रतिशत शारीरिक एवं मानसिक विकास गर्भमा रहेदेखि दुई वर्षसम्ममा भइसक्ने विभिन्न अध्ययनहरूले देखाएको छ । बच्चाको भविष्य कस्तो बनाउने भन्ने विषयमा यही अवधिमा घर परिवारले दिने शिक्षा तथा हेरचाहले महत्त्वपूर्ण भूमिका खेल्छ । गर्भमा रहँदा आमाको क्रियाकलाप र जन्मिएर दुई वर्ष हुन्जेल परिवारबाट विशेष हेरचाह गर्नुपर्छ ।

बच्चाको ८० प्रतिशत वृद्धिविकास गर्भावस्थादेखि दुई वर्षका बीचमा हुने हुँदा सो समयलाई सुनौलो अवधि पनि भनिन्छ । गर्भ रहेदेखि दुई वर्षसम्ममा एक हजार दिन हुने हुँदा नै सो अवधिलाई सुनौला एक हजार दिन भनिएको हो । यही समयलाई हामीले सुनौलो बनाउन सक्यौँ भने भोलिका दिनमा सुनौलो कर्णधार तयार हुने र सुनौला कर्णधार तयार गर्ने जिम्मा भनेको आमाको मात्र नभई बाबु र परिवार सबैको हुन जान्छ ।

सुनौला दिनहरूमा विशेषगरी गर्भवती अवस्था र सुत्केरी भएपछि आमाले पोषिलो खानेकुरा र सरसफाइमा बढी ध्यान दिनुपर्छ । बच्चा जन्मिएको ६ महिनासम्म आमाको दूध मात्र र त्यसपछि सन्तुलित भोजन गराउँदा दीर्घकालीन कुपोषणबाट बचाउन सकिन्छ । त्यसका साथै गर्भवती आमाले गर्ने क्रियाकलापबाट बच्चाको शारीरिक तथा मानसिक विकासमा पनि असर परिरहेको हुन्छ ।

### कुन समयमा कति शारीरिक र मानसिक विकास ?

बच्चा गर्भमा रहँदा उसको शारीरिक तथा मानसिक विकास ३० प्रतिशत भइसकेको हुन्छ । त्यसैगरी, बच्चा जन्मिएर एक–दुई महिनाको हुँदा थप २५ प्रतिशत विकास भइसक्छ । दोस्रो वर्षमा थप २५ प्रतिशत शारीरिक तथा मानसिक विकास भइसक्ने विज्ञहरूको भनाइ छ । यसरी बच्चा गर्भमा रहेदेखि दुई वर्ष अर्थात् एक हजार दिनको समयमा जीवनभरि हुने विकासको ८० प्रतिशत पूरा भइसकेको हुन्छ । बच्चाको थप दुई प्रतिशत वृद्धिविकास भने पाँच वर्षको उमेरसम्ममा एक प्रतिशत र बाँकी जीवनमा एक प्रतिशत हुने वैज्ञानिकहरू बताउँछन् ।

### गर्भमा रहादा ध्यान दिनुपर्ने कुराहरू

यो समयमा आमाले गर्ने क्रियाकलापले बच्चालाई प्रत्यक्ष असर गर्ने हुनाले आमाले विशेष ध्यान दिनुपर्छ । आमाले सकारात्मक क्रियाकलाप गर्ने वातावरण बनाउन श्रीमान् र परिवारले सहयोग गर्नुपर्छ ।

आमाले खाना खानुअघि सधैँ साबुनपानीले हात धुनुपर्छ । आमाले खाएको खानेकुराले बच्चामा पनि असर गर्ने हुँदा आमा बिरामी भए स्वस्थ बच्चा नजन्मन पनि सक्छ ।

गर्भवती अवस्थामा साविकको भन्दा थप एकपटक खाना खानुपर्छ । साथै, सन्तुलित भोजन गर्न अन्न, गेडागुडी, फलफूल र तरकारी खानुपर्छ ।

गर्भ रहेपछि कम्तिमा चारपटक स्वास्थ्य संस्था गएर गर्भ परीक्षण गर्ने । गर्भ रहेको तीन महिनादेखि नियमित आइरन खाने । धुम्रपान र मदिरा सेवन नगर्ने । सुत्केरी हुन स्वास्थ्य संस्थामा जाने ।

### बच्चा जन्मिएपछि राख्नुपर्ने ध्यानः

- बच्चा जन्मिएको एक घन्टाभित्र स्तनपान गराउने ।
- बच्चालाई शीतांग हुन नदिन दुई–चार घन्टासम्म ननुहाइदिने ।
- आराम गर्ने र बच्चालाई पर्याप्त स्तनपान गराउने ।
- बच्चा जन्मिएको ३५ दिनभित्र जन्मदर्ता गराउने ।
- ६ महिनासम्म बच्चालाई आमाको दूध मात्र खुवाउने ।
- सुत्केरी अवस्थामा साविकभन्दा बढी खाना खाने ।
- बच्चालाई नियमित दिइने खोप लगाउने ।
- स्वास्थ्य संस्थामा लगी प्रत्येक महिना वृद्धिविकास अनुगमन गराइराख्ने । यो बच्चा दुई–चार महिनासम्म निरन्तर गरिरहने ।

### ६ महिनादेखि एक–दुई वर्षसम्म

- ६ महिना लागेपछि आमाको दूधसँगै कम्तीमा तीनपटक खाना खुवाउने ।
- खाना खुवाउनुअघि राम्रोसँग हात धुने ।
- बच्चालाई लगाउनुपर्ने सबै खोप लगाउने ।
- बच्चा एक वर्षको भएपछि उसलाई थप खाना खुवाउने र ऊसँग खेल्ने गर्नुपर्छ । एक–दुईदेखि दुई–चार महिनासम्म बच्चाको शारीरिक विकास तीव्र हुने हुँदा पोषिलो खाना खुवाउनुपर्छ ।

बच्चा दुई वर्ष नपुगुन्जेल

- निरन्तर स्तनपान गराइराख्ने ।
- बच्चाको दिसा चर्पीमा मात्र फ्याँक्ने गर्नुपर्छ ।
- चर्पी गएपछि प्रत्येकपटक साबुनपानीले हात धुनुपर्छ ।

### दुई वर्षसम्म कस्ता क्रियाकलाप गर्छन् ?

पहिलो दुई हप्तामा बच्चाको हातमा आफ्नो हात दिँदा समाउँछन् । ठूलो स्वर सुन्दा छक्क पर्ने, अनुहार हेर्न खोज्ने हुन्छन् । यस्तो समयमा हामीले बच्चा उठेको वेला कुरा गर्ने, उसले गरेको हाउभाउअनुसार हामीले पनि व्यवहार गर्ने र खेलाउने गर्नुपर्छ ।

चार हप्ताको हुँदा बच्चाले अनुहार चिन्न थाल्छन् । घोप्टो पारेर सुताउँदा टाउको उठाउन खोज्ने वा टाउको दाहिने देब्रेतिर फर्काउने हुन्छन् । बत्ती आँखामा पर्दा आँखा चिम्लिने गर्छन् । यो समयमा घोप्टो पारेर खेलाउने, गीत सुनाउने र बोल्ने गर्नुपर्छ ।

बच्चा आठ हप्ताको भएपछि हाँस्ने, दुई हात जोड्ने, केही कुरा गरेजस्तो गर्ने हुन्छन् । यो समयमा ऊसँग बोल्ने, गीत गाएर सुनाउने, घोप्टो पारेर खेलाउने र बाहिर घुमाउने गर्नुपर्छ ।

चार महिनाको हुँदा पल्टिन खोज्ने, घोप्टो पार्दा टाउको उठाउन सक्ने खेलौनाहरू देखाउँदा हेर्ने र चिनेको मान्छेको अनुहार हेर्ने गर्छन् । यो समयमा घोप्टो परेर भुइँमा राखेर खेलाउने, चित्र भएको किताब देखाउने र पढेर सुनाउने, गीत गाउने र बोल्ने गर्नुपर्छ ।

आठ महिनामा आफैँ बस्ने, खेलौना मुखमा हाल्ने, नयाँ अनुहार देख्दा छक्क पर्ने हुन्छन् । यो वेलामा बच्चासँग कुरा गर्दै खेलाउने, बामे सर्न सहयोग गर्ने, ऐना देखाउने गर्नुपर्छ ।

१२ महिना भएपछि बच्चा एक वा सोभन्दा बढी शब्द बोल्न सक्ने हुन्छन् । हात हल्लाएर टाटा गर्ने, कुनै कुरा औँलाले देखाउन सक्ने हुन्छन् । यो समयमा उनीहरूसँगै खेल्ने, गीत गाउने र नाच्नेजस्ता क्रियाकलाप गर्नु राम्रो हुन्छ ।

१८ महिना पुगेपछि बच्चा राम्ररी हिँड्न सक्ने हुन्छन् । एकदेखि पाँच शब्दसम्म बोल्न सक्ने हुन्छन् । यो वेलामा किताबहरू हेर्न दिने र रमाइला ठाउँमा घुमाउनु राम्रो हुन्छ ।

बच्चा दुई वर्ष पुगेपछि आफूभन्दा ठूलाले गरेका कुरालाई पछ्याउने, लुगा आफैँ लगाउन खोज्ने र दुईदेखि ५० शब्द बोल्न सक्ने हुन्छन् । यो समयमा ऊसँगै कुरा गर्ने, चित्र कोर्न सिकाउने, पार्क, बालविकासजस्ता ठाउँमा घुमाउनेजस्ता क्रियाकलाप गर्नुपर्छ ।

# महिला बालबालिका तथा युवायुवती लक्षित कार्यक्रमतर्फ

बाणगङ्गा नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले नगरभित्रका विभिन्न सामुदायीक तथा संस्थागत विद्यालयका छात्र/ छात्राहरु र बढी मात्रामा दुर्घटना हुने राजमार्ग क्षेत्रका गरी जम्मा ४० जना बालबालिकाहरुका लागि ट्राफिक सचेतना सम्बन्धी तालिम सञ्चालन गरेको छ । उक्त तालिममा ट्राफिक प्रहरीद्वय श्री चुरामणी पोखेल र भरतकुमार गुरुङले प्रशिक्षण दिनु भएको थियो । तालिम पश्चात सहभागी छात्र/ छात्राहरुले आफूले सिकेका कुराहरु आफ्नो विद्यालयमा गई प्राथना समयमा ट्राफिक सचेतना सम्बन्धी कुराहरु सिकाएका छन् ।




## सांकेतिक भाषा सम्बन्धी तालिम

बाणगङ्गा नगरपालिकाले अपाङ्ग मैत्री वातावरण सिर्जना गर्नको लागि सुनाइ सम्बन्धी र सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरुको लागि २ महिने तालिमको एक कार्यक्रमका बीच उद्घाटन गरेको छ । नगरपालिकाको सभाहलमा संचालित उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनाल, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव बाबुराम भट्टराई लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो भने अपाङ्गता भएका १५ जना व्यक्तिहरु र १ जना कर्मचारी गरी १६ जनाका लागि सांकेतिक भाषा सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

कार्यक्रमका सहभागि प्रशिक्षार्थीहरुलाई ज्ञानप्रसाद पाण्डेले तालिम प्रदान गर्नु भएको थियो भने उक्त तालिम २ महिनासम्म चल्नेछ ।




## कोभिड-१९ विरुद्धको खोप

यस बाणगंगा नगरपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुमा कोभिड-१९ बिरुद्धको खोप अभियान संचालन गरिएको थियो । यस अभियानमा हाल सम्म २५३६५ जना व्यक्तिहरु (२८%) ले कोभिड-१९ विरुद्धको खोप पूरा गरिसक्नु भएको छ जस मध्ये १३९९० जनालाई भेरोसेल, ५००० जनालाई Janssen, ६३७५ जनालाई कोभिसिल्ड भ्याक्सिन प्रदान गरिएको थियो ।



## स्वास्थ्यकर्मीहरुलाई वृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि कार्यक्रम

यस बाणगंगा नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई वृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम ३ चरणमा गरीसम्पन्न गरियो । यस कार्यक्रमले पोषण सम्बन्धी नीति तथा रणनीति, बहुक्षेत्रीय पोषण योजना, राष्ट्रिय पोषण कार्यक्रम, पोषणको महत्व र मध्यम तथा शिघ्र कुपोषणको व्यवस्थापन, बाल, किशोरावस्था, मातृ पोषण सम्बन्धी विभिन्न जानकारी साथै खाद्य विविधीकरण र स्थानीय खानेकुराको महत्व, खानेपानी सरसफाई तथा सामाजिक व्यवहार परिवर्तनका लागि संचार, परामर्शका चरणहरु, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई तालिम संचालन तथा अभिलेख, प्रतिवेदन जस्ता विभिन्न विषयमा जानकारी दिईएको थियो । सो कार्यक्रम बाणगंगा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा, सु-आहारा र स्वास्थ्य कार्यालय कपिलवस्तु को सहयोग



समन्वयमा सम्पन्न भएको थियो । सो कार्यक्रम स्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख श्री हेमराज पाण्डे, बा.न.पा. स्वास्थ्य शाखा प्रमुख श्री ठगराज पौडेल, स्वास्थ्य कार्यालय कपिलवस्तुका हे.अ. श्री उमेश चन्द्र घिमिरे, सु-आहारा प्रतिनिधि श्री विजेन्द्र बन्जाडे, श्री जिवन खनाल र श्री राधा कोईरालाले प्रशिक्षण गर्नु भएको थियो ।

# वडागत गतिविधिहरु

## शुभकामना आदानप्रदान कार्यक्रम



यस नगरपालिका अन्तर्गत वडा नं. २ , पिपराले २०७८ साल विजयादशमी, शुभदीपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा विभिन्न टोल विकास समितिका अध्यक्षहरु, सामुदायिक वनका अध्यक्षहरु, शैक्षिक संस्थाका प्रधानध्यापकहरु, वडामा क्रियाशिल राजनैतिक दलका प्रमुखहरु, वडा नं.२ अन्तर्गत रहेका सरकारी कार्यालयका कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो। उक्त शुभकामना आदान प्रदान कार्यक्रममा टोल विकास समितिका अध्यक्षको तर्फबाट हरि न्यौपाने, सामुदायिक वनको तर्फबाट अमित पौडेल, शैक्षिक संस्थाहरुको तर्फबाट सुरेन्द्र



पाण्डे र दयाराम घिमिरे (वि.व.स. अध्यक्ष), पिपरा सशस्त्र प्रहरी बेस क्याम्प प्रमुख तेजराज आचार्य, ईलाका प्रहरी कार्यालय पिपराका प्रमुख दिनेश गुरुङ तथा राजनैतिक दलको तर्फबाट राजमुको प्रतिनिधि, नेपाल कांग्रेस वडा सभापती हिम बहादुर कार्की, नेकपा एमाले वडाध्यक्ष नकुल शाहीले शुभकामना मन्तव्य राखेका थिए । उक्त शुभकामना आदान प्रदान कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष विष्णु प्रसाद पौडेल, प्रमुख अतिथि प्रदेश सांसद विष्णु पन्थी, विशेष अतिथि बाणगङ्गा नगर उपप्रमुख चक्रपाणि अर्याल तथा कार्यक्रम संचालक शाखा अधिकृत खिम बहादुर जि.सी.ले गर्नु भएको थियो ।

## लागु औषध सम्बन्धी कार्यक्रम



आ.व.०७८।७९ को लागि स्वीकृत वडास्तरीय योजना अन्तर्गत युवाहरुलाई लागूऔषध दुर्व्यसन विरुद्ध सचेतना तालिम ७ नं. वडा कार्यलयले सम्पन्न गरेको छ । वडा भित्रका युवाहरुलाई लागूऔषध सम्बन्धी ३ दिने सचेतना तालिममा १५० जना युवाहरु सहभागी थिए । उक्त कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य बिमला घिमिरे तथा संविधान सभा सदस्य बलराम अधिकारीज्यूको प्रमुख आथित्यता वडाध्यक्ष विष्णु गिरीको अध्यक्षता र वडा सचिव कृष्ण प्रसाद खनालको संचालनमा सम्पन्न भएको थियो ।



त्यस्तैगरी, चालु आ.व.०७८।७९ को स्वीकृत वडास्तरीय बजेट अन्तर्गत युवाहरुलाई खेलकुद सामग्री तथा ड्रेस वितरण शीर्षकमा विनियोजित बजेट रकम रु. १ लाख ५० हजार बराबरको विभिन्न खेलकुदहरु जस्तै फुटबल, भलिबल, क्रिकेट आदि सामग्रीहरु एक कार्यक्रमका बीच वडाभित्रका खेलप्रेमी युवाहरुलाई हस्तान्तरण गरिएका छन् । उक्त कार्यक्रममा प्रमुख अतिथि संविधान सभा सदस्य बलराम अधिकारीज्यूको प्रमुख आतिथ्यता वडाध्यक्ष विष्णु गिरीको अध्यक्षता र वडा सचिव कृष्ण प्रसाद खनालको संचालनमा सम्पन्न भएको थियो ।



## वर्सिम र जै घाँस वितरण कार्यक्रम



यस आ.व. मा स्वीकृत वडास्तरीय बजेट अन्तर्गत वडा नं. ११ भित्र रहेका पशुपालक कृषकहरुलाई वर्सिम र जै घाँसको बिउ एक कार्यक्रमका बीच वडाका करिब ३०० जना पशुपालक कृषकहरुलाई वितरण गरिएको छ । उक्त वितरण कार्यक्रममा ६ सय के.जी. जै घाँस र ३ सय ६५ के.जी. वर्सिम घाँसको बिउ वितरण गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता गर्दै वडाध्यक्ष सोमनाथ अर्यालले उक्त घासको बिउहरुको प्रयोगबाट कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गर्नु भएको थियो । त्यस्तैगरी, प्रमुख अतिथि पशु सेवा शाखा प्रमुख राजकुमार तिवारी, वडासदस्य लगायत अन्य पशुपालक कृषकहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको थियो भने वडा सचिव रामप्रसाद सपकोटाले सञ्चालन गर्नु भएको थियो ।

## तेस्रो वडा स्तरीय क्रिकेट लिग प्रतियोगिता



आ.व. २०७८/०७९ का लागि तर्जुमा गरिएको युवा तथा खेलकुदका कार्यक्रम अन्तर्गत मिति २०७८ कार्तिक १७ गते देखि कार्तिक २३ गते सम्म तेस्रो वडास्तरीय क्रिकेट लिग प्रतियोगिता वडा नं. ५ को कार्यालयले सम्पन्न गरेको छ । उक्त वडास्तरीय प्रतियोगितामा विभिन्न ७ वटा टीमहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल शिव मन्दिर टोल विकास संस्था अन्तर्गतको टिमले रु. २ लाख ५० हजार नगद, सम्मान पत्र र ट्रफी पुरस्कृत गरियो भने दोस्रो स्थान नमुना टोल विकास संस्था अन्तर्गतका टिमले रु. १५ हजार



नगद, सम्मान पत्रका साथै ट्रफी द्वारा पुरस्कृत गरियो । यसैगरी सान्त्वना स्थान प्राप्त गरेका मधौलिया र झण्डा टोल विकास संस्था अन्तर्गतका टिमहरुलाई रु. ५-५ हजारका दरले नगद, सम्मान पत्रका साथै ट्रफी वडाध्यक्ष श्री भिष्मराज भुसाल ज्यूले प्रदान गर्नुभएको थियो । उक्त खेलकुद कार्यक्रममा प्रमुख अतिथिको रुपमा लुम्बिनी प्रदेश सभा सदस्य माननिय विष्णु पन्थी ज्यु, बा.न.पा.का प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनाल, शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख श्री बाबुराम भट्टराई लगायत अन्य खेलकुद प्रेमीहरुको उपस्थितिमा कार्यक्रमको समापन सम्पन्न भएको थियो ।

खेलकुद कार्यक्रमलाई व्यवस्थित र मर्यादित बनाउनका लागि नमुना टोल विकास संस्थाका अध्यक्ष लोक बहादुर थापाको संयोजकत्वमा खेलकुद व्यवस्थापन समितिको गठन गरिएको थियो । वडाध्यक्ष भिष्मराज भुसालले खेलकुदका माध्यमबाट राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा वडाको पहिचान दिलाउन सफल क्रिकेट खेलाडी दुर्गेश गुप्ता र कराते खेलाडि सविना आचार्यलाई नगद सहित सम्मानपत्रका साथ थप उर्जा र उत्साह



प्रदान गर्नुभएको थियो ।

यस्तै गरी, अनौपचारीक क्षेत्र सेवा केन्द्र र मानव अधिकार समूह बाणगंगाको संयुक्त आयोजनामा ५ नं. वडा कार्यालयमा स्थानिय समूहलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने पहल कार्यक्रम अन्तर्गत "आवासको अधिकार विषयक अन्तर्क्रिया" कार्यक्रम मिति २०७८ कार्तिक २२ गते सम्पन्न भएको छ । वडा कार्यालयले आ.व. २०७६/०७७ सालदेखि नै "खरको छाना मुक्त गराउन भएको छ खडा हामी गरिबका लागि ५ नं. वडा" भन्ने मूल नाराका साथ खरको छाना भएकालाई टिनको छानाले विस्थापित गराउदै आएको सन्दर्भ पारेर आवासको अधिकार विषयक अन्तर्क्रिया कार्यक्रम यसै वडाका वडा अध्यक्ष भिष्मराज भुसालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।



लुम्बिनी प्रदेशको जनता आवास कार्यक्रम अन्तर्गत पनि यस वडामा अत्यन्त विपन्न दलित वर्गका १४ घरहरु निर्माण भइसकेका छन् । यस कार्यक्रममा लाभान्वित वर्गको निकै सक्रिय सहभागिता रहेको थियो । यस वडाले हालसम्म खरका छाना भएका २२ भन्दा बढी घरहरुलाई चम्किला जस्ता पाताले विस्थापित गराएको छ । साथै यो अभियान निरन्तररुपमा चल्ने घोषणा समेत यसै आवासको अधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा गर्नुभएको थियो ।

## बाणगङ्गा नगरपालिकाको असोज महिनाको राजश्व आम्दानी

| आम्दानी शिर्षक | असोज महिना |
|---|---|
| सम्पत्ति कर | ४५७११३ |
| भुमिकर/मालपोत | १२२९१ |
| घर बहाल कर | ३२८२५४ |
| बहाल बिटौरी कर | ४२८५५ |
| सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ५००० |
| विद्युत सेवा शुल्क | २२६०० |
| अन्य सेवा शुल्क | - |
| शिक्षा क्षेत्रको आम्दानी | ७३०० |
| नक्सा पास दस्तुर | ५२१७३४ |
| सिफारिस दस्तुर | ८३१७११ |
| नाता प्रमाणित दस्तुर | २३१०० |
| अन्य दस्तुर | १३५०८९ |
| दण्ड जरिवाना दस्तुर | ८१२०० |
| व्यक्तिगत घटना दस्तुर | १५५०० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २९५८२२२ |
| जम्मा | १२५४७६२४ |

नगरको हरेक क्रियाकलाप सम्बन्धी सम्पूर्ण सूचनाहरुको जानकारी लिन
https://www.facebook.com/HBMBanganga
फेसबुक पेज लाईक गरी सामाजिक संजालमा जोडिऊँ।

## *अध्ययन अवलोकन तथा भ्रमण कार्यक्रम*



चालु आ.व. ०७८।७९ को स्वीकृत वडास्तरीय बजेटबाट वडा नं. ६ का पदाधिकारीहरु तथा कर्मचारीहरुले प्रदेश नं.१ जिल्ला ईलाम स्थित सुर्योदय नगरपालिका, कोशी, उदयपुर, प्रदेश नं. २, जनकपुर, प्रदेश नं. ३, हेटौंडा, गण्डकी





प्रदेशको पोखरा लगायतका विभिन्न स्थानहरुमा ४ दिने अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरेका छन् ।

## *नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु*

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगंगा | ९८४७०३३०५३ |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ |
| ४ | बाणगंगा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ |

# कृषि सम्बन्धी गतिविधि




बाणगङ्गा नगरपालिकाको वडा नं. १० पटना स्थित मेचकुरी डाँडाका कृषकहरुको लागि दुई दिने बाली उपचार शिविर तथा विषादी सचेतना कार्यक्रम संचालन गरिएको छ । कार्यक्रममा ११५ जना कृषकहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा नगर उपप्रमुख चक्रपाणी अर्याल, शिक्षा शाखा प्रमुख बाबुराम भट्टराई, कृषि विकास शाखा प्रमुख लेष बहादुर के.सी., कृषि ज्ञान केन्द्र प्रमुख डा. रवीन्द्र चौबे, बाली संरक्षण अधिकृत सत्यराम हरिजन, वडाध्यक्ष राम बिहारी चौधरी तथा अन्य कर्मचारी लगायत कृषकहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा बाली बिरुवामा लाग्ने विभिन्न रोग जस्तै - डढुवा रोग, ओइलाउने रोग तथा विभिन्न खालका हानिकारक किराहरुको व्यवस्थापन तथा बचाउने उपायहरु बारेमा जानकारी प्रदान गरेका थिए । साथै कृषि बालिमा प्रयोग गरिने विषादीले मानव स्वास्थ्य तथा वातावरणमा पार्न सक्ने नकरात्मक प्रभाव बारे जानकारी प्रदान गरेका थिए ।



तरकारी बाली तथा खाद्यान्न बालीमा लाग्ने रोग बारे सचेतना गराउँदै कर्मचारी ।



विषादी प्रयोगबारे सचेतना गराउँदै कर्मचारी

यस्तै गरी अनुगमनको क्रममा बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं. २, राजपुरमा स्थित नारायण बन्जाडेको च्याउ फर्ममा व्यवसायीकरुपमा नै पाँचवटा टनेलमा च्याउ खेति गरेका छन् ।



च्याउ खेतिको अनुगमन



च्याउ खेतिको अनुगमन



बाणगङ्गा न.पा.को परिसर भित्र नर्सरीमा विभिन्न १० जातका बिरुवा रोपण गर्दै विद्यार्थी भाइहरु संस्कार भुसाल र सुजल भुसाल



व्यवसायिक खेतीका लागि तयार पारिएका टनेल अनुगमन

प्राङ्गरिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाणगंगा नगरपालिका र सिद्धार्थ सामाजिक विकास केन्द्रको साझेदारीमा बाणगङ्गा न.पा. वडा नं. २, गोबडिहवामा रहेको कृषक समुहले गर्दै आएको व्यवसायिक तरकारी खेती गर्नका लागि रु. ३ लाखमा तयार पारेको टनेलको अनुगमन ।



बाली र पशुपन्छी बिमा सम्बन्धी छलफल

त्यसै गरी, यस बाणगङ्गा नगरपालिकामा रहेका बाली तथा पशुपन्छी बिमा गर्ने विभिन्न सात वटा बिमा कम्पनी (इन्सोरेन्स कम्पनी) हरुसँग नगरपालिका नगर प्रमुख मंगल प्रसाद थारुको अध्यक्षतामा कृषि तथा पशु बिमा गर्ने विषय सम्बन्धमा बृहत् छलफल गरियो । यस कपिलवस्तु जिल्ला भित्र कृषि तथा पशु बिमा गर्ने जिम्मेवारी पाएको सानिमा इन्सोरेन्स कम्पनीले कृषकहरुको बाली तथा पशुको बिमा गर्ने विशेष पहल गर्नुपर्नेमा जोड दिईएको थियो ।



अविरल वर्षाले डुबानमा परेको धानबालीमा पुगेको क्षती

मिति २०७८ असोज मसान्तदेखि परेको अविरल वर्षाका कारण देशभरीका कृषकहरु लगायत यस नगरपालिकाका कृषकहरु समेत मार पारेका छन् । अधिकांश कृषकहरुले धान काट्ने बेलामा परेको मुसलधार पानीले ठूलो क्षति पुगेको छ । क्षतिको प्रराम्भिक विवरण संकलन गर्ने कार्य भइरहेको छ ।

# हरियो सागसब्जी- रायोको साग

रायोको साग, बहुउपयोगी, स्वास्थ्यको लागि अनेकौँ फाइदै फाइदा भएको विशेष जाडो (हिउँद) महिनामा पाइने विभिन्न हरियो सागपात मध्ये रायोको साग पनि एउटा एक प्रमुख तरकारी हो।

**लगातार एउटै खेत वारीमा लगाउँदा वोटहरुको वृद्धि नहुने, दिउसो ओइलाउने तर विहान वेलुका सामान्य देखिने के कारणले होला रु यस्तो हुनवाट कसरी वचाउन सकिन्छ ?**

यो ढुसीको कारणले उत्पन्न हुने रोग हो। यस रोगले आक्रमण गरेपछि रायोका जरामा गाँठाहरु विकसित हुन्छन् र वृद्धि विकास रोकिन्छ । प्रारम्भमा ऐजेरु वा जरामा देखिने वोटको जुकाका लक्षणको आभास हुन्छ।यसको व्यवस्थापनका लागि उही परिवार वाहेकका बालीहरुको घुम्ती बाली प्रणाली अपनाउने, माटोको पि.एच.मान ७ भन्दा बढी राख्ने तथा नेविजिन नामक विषादी १ के.जी. प्रति रोपनीका दरले बालीमा लगाउनु पहिले प्रयोग गर्नु पर्दछ।

**नेपालमा यसको खेती कुन कुन क्षेत्रमा गरिन्छ ?**

यसको खेती नेपालको तराईदेखि उच्च पहाड सम्म नै गर्न सकिन्छ तर तराई र मध्य पहाडमा यो हिउँदे बाली हो भने उच्च पहाड जहाँ तुसारो र हिउँ पर्दछ त्यस्तो इलाकामा ग्रीष्म याममा खेती गर्नु पर्दछ । यसको खेती छोटो दिन ठण्डी तापक्रम र ओसिलो वायुको वहाव भएको समयमा राम्रो हुन्छ ।

**रायोको लागि कस्तो हावापानी उपयुक्त हुन्छ ?**

रायो हिउँद, जाडो मौसममा पाइने प्रमुख तरकारी बाली हो । बढी तापक्रममा यसको डुकु छिटो निस्कन थाल्दछन् तर प्रकाश नपुगेको ठाउँमा राम्रो सप्रिँदैन । मध्यम प्रकाश र चिसो मौसममा बाली राम्रो सप्रन्छ । जमीनमा बढी चिस्यान भएको ठाउँमा पनि राम्रो सप्रिँदैन । साग बालीअन्तर्गत रायो नेपालमा सवै भन्दा बढी उत्पादन गरी ने तथा मन पराईने तरकारी बालीमा पर्दछ ।

**यसको खेती कस्तो माटोमा गर्न उपयुक्त हुन्छ ?**

यसको खेती प्रायः सवै किसिमको माटोमा गर्न सकियता पनि मलिलो दोमट माटो उपयुक्त हुन्छ। प्राङ्गारिक पदार्थ प्रशस्त भएको जमिनमा यसका पातहरु राम्ररी फैलने नरम र खाँदा स्वादिलो हुन्छ। यसलाई माटोमा चिस्यान भएको राम्रो हुन्छ तर बढी चिस्यान भएमा बोट पहेँलिन्छ अतः निकासको राम्रो व्यवस्था हुन जरुरी हुन्छ ।

**नेपालमा रायो खेतीका लागि कस्ता जातहरु सिफारीस गरिएका छन् ?**

नेपालमा स्थानीय तथा सुधारिएका जातहरु भौगोलिक क्षेत्र अनुसार विकसीत भएका छन् तर



सिफारिस गरी एका जात भने सिमित छन् । यी जातहरु तराई, पहाड तथा उच्च पहाडमा लगाउने गरी सिफारीस गरिएको छ ।

**भौगोलिक क्षेत अनुसार कुन क्षेत्रमा कुन समयमा बाली लगाउन उपयुक्त होला ?**

रायो खेती मध्ये पहाडी क्षेत्रमा वेमौसमी र अन्तरबालीको रुपमा बाह्रै महिना लगाउने गरी न्छ तर व्यवसायीक उत्पादनको लागि भने उच्च पहाडमा फाल्गुण–वैशाख, मध्यपहाडमा भदौ–मंसिरसम्म र भित्री मधेश वा तराईमा असोज–पौष सम्म लगाएको बाली राम्रो हुन्छ ।

**रायोको खेती गर्दा जमीनको तयारीमा कत्तिको ध्यान पुर्यावउनु पर्दछ ?**

रायो छिटो तयार हुने बाली भएकोले लगाउनु भन्दा अगाडि जमिनको तयारी राम्ररी गर्नु पर्दछ। यसको लागि २५–३० से।मि। गहिराई सम्म राम्ररी खनजोत गरी प्राङ्गारिक मल प्रशस्त हाल्नु पर्दछ । माटोलाई बुर्बुराउदो तुल्याउनु पर्दछ ।

**रायोसँग अन्तरबालीको रुपमा अन्य बाली लगाउन सकिन्छ र? अन्तर्बालीमा सुहाउने त्यस्ता कुन कुन बाली हुन सक्छन् :**

रायो सँग अन्तर्बालीको रुपमा भन्दा पनि अन्य बाली सँग रायो अन्तर बालीको रुपमा लगाउने प्रचलन बढी छ । यसरी लगाउने क्रममा गोलभेडा, काँक्रो, सिमी, वोडी, मकै, जुनेलो, खुर्सानी र भण्टा जस्ता बालीहरु सँग उचित दूरी तथा काँटछाँटको प्रकृया मिलाई अन्तरबाली लगाउन सकिन्छ ।

**अल्टरनेरिया थोप्लो रोगका लक्षण कस्ता हुन्छन् र यसको व्यवथापन कसरी गरी न्छ ?**

यस रोगले आक्रमण गर्दा सुरुको अवस्थामा स साना हल्का खैरा थोप्लाहरु पातमा देखा पर्दछन् पछि थोप्ला बढेर ठूला गोलाकार बन्दछन् । बीचको भाग चम्किलो रंगको हुन्छ भने किनारा खस्रो र जीर्ण हुन्छ । यो रोग नलागोस भन्नका लागि डाईथेन एम–४५ वा थिराम २–३ ग्राम प्रति के.जी. वीउमा उपचार गर्नु पर्दछ । खेतीको अवस्था देखा परेपछि वलाईटक्स ५० २–३ ग्राम प्रति लिटर पानीमा मिसाई १०–१५ दिनको फरकमा छर्नु पर्दछ ।

**रायो साग सारेपछि कति दिन सम्ममा टिप्न तयार हुन्छ रु टिप्दा खेरी कस्ता कस्ता पात र कसरी टिप्नु पर्दछ ?**

रायो साग बाली रोपेको ३०–४० दिनमा पहिलो टिपाई गर्न सकिन्छ।त्यसपछि प्रत्येक १०–१५ दिनको फरकमा करीव १०० दिनसम्म टिप्न सकिन्छ । पात टिप्दा वीचको पात टिप्नु हुँदैन। साईज भएका कलिलो र कोमल वाहिरका पातहरु टिप्नु पर्दछ । सही समय चोटपटक नलगाई हलुका तवरले टिप्दा नयाँ पात पलाउने र टिपाईको पटक समेत वढ्छ ।

**तुसारो वा ज्यादा ठण्डाबाट जोगाई रायो खेती गर्ने कुनै तरिका छ ?**

असामान्य तापक्रम (शुन्य डिग्री सेल्सीयस वा सो भन्दा तल) गिरावटले रायोको पातको वृद्धि ढीला भई कक्रेर वसेको हुन्छ । लामो अवधि सम्म यस्तो अवस्था आईपर्ने ठाउँहरुमा प्लाष्टिकको घर निमार्ण गरी तथा चिसो सहने जातहरु लगाई समस्यावाट पार पाउन सकिन्छ।


**बाणगङ्गा मासिक बुलेटीन**

**सल्लाहकारहरु**

श्री मंगल प्रसाद थारु
नगर प्रमुख
श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

**प्रधान सम्पादक**

श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/भाषा सम्पादक**

श्री बाबुराम भट्टराई
उपसचिव

**बुलेटीन सम्पादन मण्डल**

श्री रामचन्द्र मारसिनी- लेखा अधिकृत
श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री शुसिला पन्त- महिला विकास निरीक्षक
श्री लक्ष्मी पौडेल भट्टराई- सहायक पाँचौं
श्री दिपक थापा - कम्प्युटर अपरेटर

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48